कर्णाली प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय
जाजरकोट

प.सं.: ०८३/०८४
च.नं.: १९८

मिति: २०८३/०८/०१

विषय: स्थानीय कच्चा पदार्थमा आधारित सीप विकास तालिममा सहभागी हुने सम्वन्धी सूचना।

<u>प्रथम पटक सूचना प्रकाशन भएको मिति: २०८३/०८/०१</u>

प्रस्तुत विषयमा यस कार्यालयको चालु आ.व. २०८३/०८४ को वार्षिक स्वीकृत कार्यक्रममा रहेको सीप विकास तथा रोजगार विकास कार्यक्रम अन्तरगतको स्थानीय कच्चा पदार्थमा आधारित सीप विकास तालिम कार्यक्रम कार्यान्वयन गर्नुपर्ने भएकाले स्थानीय कच्चा पदार्थमा आधारित सीप विकास तालिमहरु जस्तैः मुढा बनाउने, अचार बनाउने, सिस्नु पाउडर वनाउने, अल्लो प्रशोधन लगायतका तालिमहरु लिन ईच्छुक योग्यता पुगेका जाजरकोट जिल्लावासि नागरिकहरुले आफूले लिन चाहेको तालिमको नाम, मोवाईल नं:, स्थानीय तहको सिफारिस लगायत यस सूचनामा उल्लेखित कागजातहरु सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिन अर्थात २०८३/०८/१५ गतेभित्र यस कार्यालयमा आवेदन पेस गर्नहुन सम्वन्धित सबै सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

<u>आवश्यक कागजातहरु:</u>

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी।
२. सामान्य लेखपढ गर्न सक्ने।
३. १६ वर्ष उमेर पुरा भई ५० वर्ष ननाघेका हुनुपर्ने।
४. उद्योग तथा व्यवसाय गर्न ईच्छुक हुनुपर्ने।
५. यस अघि समान प्रकृतिको तालिम नलिएको स्वःघोषणा।

<u>प्रशिक्षार्थीहरुलाई सुविधा:</u>

१. तालिम अवधिमा कम्तिमा ९५ प्रतिशत रुजु हाजिर हुने प्रशिक्षार्थीलाई हाजिर भएको दिनको दैनिक रु. १०० का दरले खाजा खर्च उपलब्ध गराईनेछ।
२. उद्योग तथा व्यवसाय स्थापनार्थ परामर्श सेवा उपलब्ध गराईने छ।

०८३।०८।०१

(अनिल खनाल)
वरिष्ठ प्रशासन सहायक
नि. कार्यालय प्रमुख